## ट्यांकरबाट वितरण (आपूर्ति) हुने खानेपानी तथा पानी ढुवानी सम्बन्धमा

## **सार्वजनिक सूचना !!**

प्रथम पटक प्रकाशित मिति : २०७४/१०/२८

काठमाडौं उपत्यका भित्र खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्ने उद्देश्यले संचालित वा संचालन हुने ट्यांकर व्यवसायीले काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड (पहिलो संशोधन) नियमावली, २०७३ को १५ क २ को देहाय दफा (अ) र ट्यांकर व्यवसाय सेवा संचालन सम्बन्धि निर्देशिका, २०७३ मा निर्दिष्ट प्रावधान अनुसार पानीको गुणस्तरका आधारमा पानीको प्रयोजन खुल्ने गरी स्टिकर टाँस गरी यस वोर्डबाट नियमानुसार अनुमती पत्र लिएर मात्र व्यवसाय सेवा संचालन गर्नु गराउनु पर्ने व्यहोरा सम्बन्धित सबैलाई विदितै छ ।

उल्लेखित प्रावधान बमोजिम यस वोर्डबाट अनुमती पत्र नलिई संचालनमा रहेका ट्यांकरहरु तथा यस वोर्डबाट नियमानुसार अनुमती पत्र लिएका सम्बन्धित सबै व्यवसायीहरुले ट्यांकर व्यवसाय सेवा संचालन सम्बन्धि निर्देशिकाको दफा १० मा उल्लेखित शर्तहरु पालना गरी सोही निर्देशिकाको दफा १४(१) बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र नविकरणका लागि यस वोर्डमा सम्पर्क राखि अनुमती पत्र नविकरण गर्नु पर्नेमा नविकरण पक्रियामा नआई पानीको व्यवसाय सेवा संचालन गर्दै रहेका सम्बन्धित व्यक्ति, फर्म, संस्था, कम्पनी, उद्योग वा व्यवसायीलाई यो सूचना प्रकाशित भएको मिति २०७४/१०/२८ बाट ३० (तीस) दिन भित्र यस वोर्डमा सम्पर्क राखि नियमानुसार अनुमती पत्र लिएर मात्र ट्यांकरबाट खानेपानी तथा पानी वितरण (आपूर्ति) गर्न गराउन सूचित गरिन्छ ।

अन्यथा नियमानुसार अनुमती पत्र नलिई वा नविकरण नगराई विना स्टिकर खानेपानी तथा पानीको ट्यांकर व्यबसाय सेवा संचालन गरे गराईएको पाईएमा नियमावली तथा निर्देशिकामा तोकिए बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचना द्वारा सम्बन्धित सबैलाई जानकारी गरिन्छ ।

यस सम्बन्धि विस्तृत विवरण यस वोर्डको वेव साइट तथा वोर्डको सूचना पाटीमा टाँस गरिएको छ ।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन वोर्ड
थापाथली, काठमाडौं ।
फोन नं.- ०१-४१००६१०/४१००६११
www.kvwsmb.org.np